२.६.५ सशक्तीकरण र नेतृत्व विकास ..... १४
२.६.६ वैज्ञानिक खोज, प्रविधि र अन्वेषण ..... १५
२.६.७ जलवायु परिवर्तन र वातावरण संरक्षण ..... १६
२.६.८ कला, साहित्य, खेलकुद र मनोरञ्जन ..... १६
२.६.९ साझेदारी तथा सहकार्य ..... १६

## भाग ३ नीतिगत तथा संस्थागत व्यवस्था

३.१ नीतिगत तथा कानुनी व्यवस्था ..... १८
३.२ संस्थागत व्यवस्था ..... १८
३.२.१ प्रदेश युवा विकास तथा नीति कार्यान्वयन निर्देशक समिति ..... १८
३.३.२ युवा विकास तथा नीति कार्यान्वयन कार्यकारी समिति ..... १९
३.३ स्रोत-साधनको व्यवस्था ..... १९
३.४ नीति कार्यान्वयन योजना ..... २०
३.५ नीति कार्यान्वयनका जोखिम र न्यूनीकरणका उपाय ..... २०
३.६ अन्य नीतिसँगको सम्बन्ध ..... २१
३.७. नीति कार्यान्वयनको जिम्मेवारी ..... २१
३.८ नीतिको कार्यक्षेत्र ..... २१
३.९ अनुगमन र मूल्याङ्कन ..... २१

## भाग १ परिचय खण्ड

### १.१ प्रस्तावना

युवा इतिहासका निर्माता, वर्तमानका पहरेदार र भविष्यका कर्णाधार भएकाले युवालाई देशको मेरुदण्ड मानिन्छ । युवाको सक्रिय सहभागिताकै कारण विगतका विभिन्न परिवर्तनकारी सामाजिक-राजनीतिक आन्दोलन सम्भव भएका हुन् । यसर्थ युवाका सबालको वैज्ञानिक ढङ्गले सम्बोधन गरी सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणमा अग्रसर गराउनु नै बागमती प्रदेश समृद्धिको आधार तयार गर्नु हो ।

युवा सिर्जनशीलता, जागरुकता, गतिशीलता र परिवर्तनका पर्याय हुन् । त्यसकारण युवा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणका लागि भएका जनआन्दोलन, जनयुद्ध वा जुनसुकै परिवर्तनकारी सङ्घर्षको निर्णायक शक्तिका रूपमा स्थापित छन् । मूलुकको इतिहास युवाको बलिदानबाट निर्माण भएको छ भने वर्तमान र भविष्य अर्थात् देशको समृद्धि पनि युवामै निर्भर हुन्छ । नेपालको युवा जनसङ्ख्या हेर्दा पनि यो तथ्य पुष्टि हुन्छ । २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजाअनुसार नेपालको कूल जनसङ्ख्या २,९१,९२,४८० रहेको छ । बागमती प्रदेशमा जम्मा जनसङ्ख्या ६०,८४,०४२ रहेको छ । जुन जम्मा जनसङ्ख्याको २०.८४ प्रतिशत रहेको छ । २०७८ को प्रारम्भिक जनगणना अनुसार, नेपालमा युवाको जनसङ्ख्या ३९.५ प्रतिशत रहेको छ जसमध्ये बागमती प्रदेशमा युवाको जनसङ्ख्या ३५.९ प्रतिशत रहेको छ । बागमती प्रदेशमा युवाको सङ्ख्याको अनुपातमा युवाको नीति, निर्माण र नेतृत्व तहमा आवश्यक मात्रामा प्रतिनिधित्व हुन सकिरहेको छैन भने युवाका आवश्यकता र चाहनाको उचित सम्बोधनसमेत हुन सकिरहेको छैन । नेपालको संविधान, पन्ध्रौं पञ्चवर्षीय योजना २०७६/७७-२०८०/८१, राष्ट्रिय युवा नीति २०७२, युथ भिजन-२०२५ र बागमती प्रदेशको पहिलो आवधिक योजना २०७६/७७-२०८०/८१ तथा संयुक्त राष्ट्र सङ्घले निर्धारण गरेका दिगो विकास लक्ष्यले समेत युवाको सर्वाङ्गीण विकासमा जोड दिएको छ । बागमती प्रदेशको समृद्धिका लागि युवालाई विकासको मूल प्रवाहमा ल्याउन गुणस्तरीय शिक्षा, व्यावसायिक तथा प्राविधिक तालिम, रोजगारीको उपलब्धता, उद्यमशीलता एवं नेतृत्व विकास गराई सक्षम युवा विकास गर्न अपरिहार्य रहेकाले प्रदेश युवा नीति- २०७९ तर्जुमा गरिएको हो ।

### १.२ परिभाषा

क. 'युवा' भन्नाले १६ देखि ४० वर्ष उमेर समूहका महिला, पुरुष र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई बुझ्नुपर्ने छ ।

ख. 'लक्षित समूहका युवा' भन्नाले सहरी र ग्रामीण क्षेत्रका विद्यार्थी युवा, शिक्षालय बाहिरका युवा, विदेशबाट फर्किएका युवा, बेरोजगार युवा, प्रवासी युवालाई जनाउने छ ।

ग. 'विशेष प्राथमिक समूहका युवा' भन्नाले द्वन्द्व प्रभावित, अपाङ्गता भएका, लोपोन्मुख, सीमान्तकृत, अल्पसङ्ख्यक, दलित, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवं बहिष्करणमा पारिएका र सिपविहीन युवालाई जनाउने छ ।

घ. 'प्राथमिक समूहका युवा' भन्नाले नेपालको संविधानले प्राथमिकतामा राखेका आदिवासी-जनजाती, मधेसी, महिला, दलित युवालाई जनाउने छ ।

ङ. 'द्वन्द्व प्रभावित युवा' भन्नाले २०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ गतेसम्म नेपालमा भएको जनयुद्ध र युद्धप्रभावित परिवारका युवालाई जनाउने छ ।

च. 'अपाङ्गता भएका युवा' भन्नाले मानसिक तथा शारीरिक अशक्तता भएका सबै प्रकारका युवालाई जनाउने छ ।

छ. 'जोखिममा रहेका युवा' भन्नाले प्राकृतिक प्रकोप प्रभावित, एच.आई.भी/एड्स सङ्क्रमित, बेचबिखनमा परेका, यौन हिंसा तथा घरेलु हिंसा पीडित, लागु औषध प्रयोगकर्ता, सडकमा रहेका, यौनकर्मी, स्वदेश तथा विदेशमा जोखिमयुक्त श्रममा संलग्न युवालाई जनाउने छ ।

ज. 'सीमान्तकृत समुदायका युवा' भन्नाले भौगोलिक, जातीय, भाषिक, सांस्कृतिक, लैङ्गिक तथा वर्गीय आधारमा सरकारी तथा गैरसरकारी क्षेत्रमा सेवासुविधाबाट वञ्चित, अति सीमान्तकृत, सीमान्कृत र लोपोन्मुख समुदाय, एवं प्रदेश विकासको मूलधारमा नरहेका युवालाई जनाउने छ ।

## १.३ प्रदेशमा युवाको विद्यमान अवस्था

सात प्रदेशमध्ये युवा विकास सूचकाङ्कमा बागमती प्रदेश अगाडि रहेको छ । जीवनोपयोगी शिक्षा, सिप र उद्यमशीलता विकास, नेतृत्व विकास तथा युवा सशक्तीकरण मार्फत युवालाई प्रदेश विकासको मूलधारमा ल्याउने सम्भावना देखिन्छ । स्वदेशमा रोजगारीका अवसरको अपर्याप्तता, युवामा लगानीको कमी, गरिबी लगायतले युवा पलायन दिनानुदिन बढ्दो क्रममा रहँदा देश युवाविहीनताउन्मुख छ । दैनिक लगभग आधा दर्जन युवाको लास नेपाल भित्रिरहेको स्थिति छ भने स्वदेशमै रहेका युवामा समेत वितृष्णा तथा मानसिक तनावका कारण आत्महत्या गर्ने युवाको सङ्ख्या बढ्दो छ । प्रतिवर्ष श्रम बजारमा ५ लाख युवा आउने भए तापनि अझै कूल जनसङ्ख्याको २.३ प्रतिशत पूर्ण बेरोजगार तथा ३० प्रतिशत अर्धबेरोजगार छन् । खाडीलगायत अन्य मूलुकमा चुनौतीपूर्ण रोजगारीका लागि युवा विदेशिन बाध्य छन् ।

सशस्त्र संघर्ष पश्चात् युवाको नीति, निर्माण र निर्णय प्रकृयामा सहभगितामा केही हदसम्म सुधार आएको भए तापनि आवश्यक मात्रामा अझै सहभागिता सुनिश्चित हुन सकिरहेको छैन । विविध कारणले युवा विदेसिन बाध्य छन्, जसले गर्दा ठुला पुँजी पलायनसमेत भइरहेको छ । स्वदेशमा रहेका बेरोजगार युवालाई आर्थिक उत्पादन र सिपसँग जोड्न सकिएको छैन । सीमान्तकृत, अल्पसङ्ख्यक,

युवा उत्पादान गरी बागमती प्रदेश समृद्धिको मेरुदण्डका रूपमा युवाको भूमिका प्रवर्द्धन गर्न प्रदेश युवा नीतिको आवश्यकता महसुस गरिएको हो । बागमती प्रदेशबाट युवा प्रतिभा पलायन रोकी प्रदेशमै अवसरको सिर्जना गर्न र अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका, द्वन्द्व प्रभावित, मधेशी, जनजाती, दलित, मुस्लीमलगायतलाई विशेष सम्बोधन गर्नका लागि प्रदेश युवा नीतिको आवश्यकता परेको हो । युवाको अर्थपूर्ण सहभागिता र परिचालनमार्फत बागमती प्रदेश सरकारले लिएको विकास र समृद्धिको लक्ष्य हासिल गर्न युवा नीति सहयोगी हुने छ ।

युवामा अन्तर्निहित क्षमता प्रस्फुटनका माध्यमद्वारा आत्मविश्वास वृद्धि गर्न, युवालाई रुढिवादी सोचबाट मुक्त गरी गतिशील बनाउन, युवाका समस्या र अवसरको पहिचान गर्न, युवाको पहलमा सामाजिक, आर्थिक, राजनीतिक रूपान्तरणका माध्यमद्वारा वैज्ञानिक समाज निर्माण गर्न, युवाको जोस र साहसलाई देश विकासमा समाहित गर्न, सामाजिक तथा आर्थिक गैरकानुनी गतिविधिबाट मुक्त गरी सकारात्मक सामाजिकीकरण गर्न, नीति तथा योजना निर्माण र नेतृत्व तहमा युवाको प्रतिनिधित्व सुनिश्चित गरी नेतृत्वदायी भूमिकामा स्थापित गर्न, खेलकुद र कलाका माध्यमद्वारा बागमती प्रदेशको विकासमा योगदान गर्न सक्ने बनाउन, गरिबी तथा सामाजिक असमानता न्यूनीकरणका लागि युवाको सर्वाङ्गीण विकासमार्फत बागमती प्रदेशको समृद्धि हासिल गर्न युवाकेन्द्रित लक्ष्य, उद्देश्य, नीति, कार्यनीति र संस्थागत संरचना अपरिहार्य रहेकाले प्रदेश युवा नीति तर्जुमा गर्नु वाञ्छनीय ठानिएको हो ।

## १.६ युवाका मार्गदर्शक सिद्धान्त र मूल्य

### १.६.१ युवा मार्गदर्शक सिद्धान्त

(क) **समावेशीता :** विभिन्न पृष्ठभूमिका युवालाई स्रोत, साधन, सेवा र अवसरहरू समान सहजताका साथ पहुँच उपलब्ध गराउने ।

(ख) **जबाफदेहिता :** युवासम्बन्धित सबै क्रियाकलापहरूमा जबाफदेहिता प्रवर्द्धन गर्ने ।

(ग) **उपलब्धता :** युवाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्रोत, साधन, ज्ञान, सिपको उपलब्धतामा ध्यान दिने ।

(घ) **सहयोग :** युवाको विकासका लागि सरकार, नागरिक समाज, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग गर्ने ।

(ङ) **सशक्तीकरण :** लक्षित समूहका युवा, प्राथमिकता र विशेष प्राथमिकताका क्षेत्रका युवाको सबलीकरण र सशक्तीकरणमा सबै क्षेत्रले ध्यान दिने ।

(च) **सहभागिता :** सरकार, सदन तथा सबै नेतृत्व तह, विकास निर्माणमा युवाको सहभागिता सुनिश्चित गर्ने ।

(छ) **पारदर्शिता :** युवासम्बन्धित सबै क्रियाकलापहरूमा पारदर्शिताको नीति अख्तियार गर्ने ।

## भाग ३ नीतिगत तथा संस्थागत व्यवस्था

### ३.१ नीतिगत तथा कानुनी व्यवस्था

बागमती प्रदेश युवा नीति कार्यान्वयनको नेतृत्व प्रदेश सरकार, बागमती प्रदेश, युवा क्षेत्र हेर्ने मन्त्रालयले गर्ने छ । नीति कार्यान्वयनका लागि प्रदेश युवा परिषद्, प्रदेश सरकार अन्तर्गतका सबै सरकारी निकाय, राजनीतिक दलका युवा विद्यार्थी सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र, सहकारी, नागरिक समाज र स्थानीय निकायलाई प्रोत्साहन र परिचालन गरी समन्यव एवं सहकार्य स्थापित गरिने छ । साथै प्रदेश युवा परिषद्लाई पर्याप्त बजेट विनियोजन गरी युवा परिषद्लाई युवाको नीति निर्माण र नेतृत्व तहमा प्रतिनिधित्व, क्षमता प्रस्फुटन र विकासको थलो, विचार अभिव्यक्तिको मञ्च, युवा प्रोत्साहनको अगुवा संस्था एवं युवाका समस्या, चुनौती सम्बोधन गर्ने निकायका रूपमा विकास गरिने छ । बागमती प्रदेशभित्रका सबै जिल्लामा युवा समिति निर्माण तथा संस्थागत क्षमता विकास गरिने छ । बागमती प्रदेशभित्रका स्थानीय तहमा युवा समिति निर्माणका लागि प्रदेश सरकारले आवश्यक ऐन, नियम, कार्यविधि निर्माणमा प्रदेशको युवा हेर्ने मन्त्रालयले र सहजीकरण गर्ने छ । ऐन, नियम र कार्यविधिमा व्यवस्था भएबमोजिम स्थानीय तहमा युवा समिति गठन गर्न युवा हेर्ने मन्त्रालयले आवश्यक समन्वय, सहजीकरण गर्ने छ । प्रदेश सरकारले नीति कार्यान्वयनका लागि आवश्यक कानुन, नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण गरी लागू गर्ने छ । यस नीतिको कार्यान्वयनको लागि आवश्यकअनुसार ऐन, नियम, विनियम तथा निर्देशिका बनाई लागु गरिने छ । यस नीतिको कार्यान्वयनका लागि प्रदेशको युवा हेर्ने मन्त्रालय, युवा परिषद् र नीति कार्यान्वयन निर्देशक समितिले सहजीकरण, समन्वय र नियमनकारी भूमिका निर्वाह गर्ने छ ।

### ३.२ संस्थागत व्यवस्था

### ३.२.१ प्रदेश युवा विकास तथा नीति कार्यान्वयन निर्देशक समिति

क) बागमती प्रदेशको विकास र समृद्धिका लागि मुख्य भूमिकामा रहने युवा नीतिको प्रभावकारी कार्यान्वयनका लागि मार्गनिर्देशन गर्न, मन्त्रालय, युवा परिषद् तथा सम्बन्धित निकायहरूबिच समन्वय र सहकार्य गर्न देहाय बमोजिमको उच्चस्तरीय युवा विकास तथा नीति कार्यान्वयन निर्देशक समिति गठन हुने छ :

१. मुख्यमन्त्री -संयोजक

२. आर्थिक मामिला तथा योजना मन्त्री -सदस्य

३. युवा क्षेत्र हेर्ने मन्त्री -सदस्य

४. प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष-सदस्य

५. प्रमुख सचिव -सदस्य

६. प्रदेश युवा परिषद् उपाध्यक्ष - सदस्य

७. युवा हेर्ने मन्त्रालयको सचिव -सदस्य सचिव

ख) युवा विकास तथा नीति कार्यान्वयन निर्देशक समितिले देहाय बमोजिमको कार्यहरू गर्ने छ :

- युवा नीतिले लिएका लक्ष्य र उद्देश्य पूरा गर्न प्रदेश सरकार र सबै मन्त्रालयलाई आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गर्न समन्वय गर्ने ।
- युवा विकाससम्बन्धी दीर्घकालीन तथा अल्पकालीन योजना र रणनीतिक योजना स्वीकृत गर्ने ।
- प्रदेशको विकास र समृद्धिलाई केन्द्रमा राखेर युवा तथा खेलकुदसँग सम्बन्धित कार्यक्रमहरूको प्राथमिकता क्षेत्र निर्धारण एवम् युवा विकाससम्बन्धी बहस, संवाद, अर्न्तक्रिया तथा सभाको सञ्चालन गर्न गराउन सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने ।
- प्रदेशस्तरमा युवा क्षेत्रसँग सम्बन्धित व्यक्ति, संस्थाहरूको दर्ता, नवीकरण, कार्यक्रमको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, युवासँग सम्बन्धित नयाँ सोच र अवधारणाको विकास, प्राथमिकता क्षेत्रको पहिचान, युवा तथा खेलकुद हेर्ने मन्त्रालय, युवा परिषद्ले गर्ने कार्यक्रमको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कनमा सहयोग गर्ने ।
- युवा नीतिको लक्ष्य तथा उद्देश्यप्राप्तिका लागि अभिभावकीय जिम्वेवारी वहन गर्ने ।
- प्रदेशको युवा हेर्ने मन्त्रालय तथा प्रदेश युवा परिषद्को वार्षिक प्रतिवेदन उपर छलफल तथा समीक्षा गरी आवश्यक निर्देशन दिने ।

ग) निर्देशक समितिको बैठक सामान्यतया वर्षको दुई पटक बस्ने छ ।

### ३.३.२ युवा विकास तथा नीति कार्यान्वयन कार्यकारी समिति

प्रदेश नीतिको कार्यान्वयनको कार्यकारी समितिको रूपमा प्रदेश युवा परिषद्ले कार्य गर्ने छ ।

## ३.३ स्रोत-साधनको व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकार मातहतका सबै निकायले प्रदेश युवा नीतिको उद्देश्य बमोजिम आआफ्नो क्षेत्राधिकारभित्र परेका नीति, कार्यनीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरिने छ । प्रदेश सरकार एवं स्थानीय तहले आफ्ना वार्षिक नीति, योजना, कार्यक्रम र बजेटमा युवा नीतिले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमलाई समावेश गरी प्राथमिकतासहित कार्यान्वयन गर्ने व्यवस्था गरिने छ । साथै, सङ्घीय सरकारबाट प्राप्त हुने विशेष आर्थिक सहयोग वा अनुदानबाट समेत नीतिले निर्देशित गरेका कार्यक्रम सञ्चालन गरिने छ । यसका अलावा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विकास साझेदार, गैरसरकारी संस्था र निजी क्षेत्रसँग सहकार्य र समन्वय गरी नीतिले परिकल्पना गरेका कार्यक्रम कार्यान्वयनका लागि स्रोत-साधन व्यवस्था गरी परिचालन गरिने छ ।

### ३.४ नीति कार्यान्वयन योजना

(क) युवा नीतिबारे प्रदेश सरकारका सबै संरचना तथा स्थानीय तहसम्मै व्यापक सचेतना विस्तार गरिने छ ।

(ख) युवाको सक्रियता र सहभागिता बढाउन युवा हेर्ने मन्त्रालय, युवा परिषद्, जिल्ला युवा समितिमार्फत प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

(ग) युवासम्बद्ध निकायहरूमा स्रोत व्यवस्थापन, प्रभावकारी कार्यसम्पादन तथा परिचालनका लागि आवश्यक व्यवस्था गरिने छ ।

(घ) विशेष क्षेत्र लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

(ङ) युवालाई विविध क्षेत्रको अध्ययन-अनुसन्धान र नवप्रवर्द्धनमा लाग्न उत्प्रेरित गरिने छ ।

(च) युवा नीतिले अवलम्बन गरेका संस्थागत संरचनाहरूको प्रभावकारी कायान्वयन गरिने छ ।

(छ) युवा नीतिको सशक्त कार्यान्वयनका लागि प्रदेश नीति तथा योजनामा समावेश गरी लागु गरिने छ ।

(ज) प्रदेश युवा नीति कार्यान्वयन निर्देशक समिति तथा प्रदेश युवा हेर्न मन्त्रालयको संयुक्त ग्रसरतामा युवा नीतिको कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाइने छ ।

### ३.५ नीति कार्यान्वयनका जोखिम र न्यूनीकरणका उपाय

प्रदेश युवा नीतिले परिकल्पना गरेका कतिपय उद्देश्य सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गर्नुपर्ने तथा प्रदेश सरकारलाई युवा नीतिले परिकल्पना गरेका संरचना निर्माण र आर्थिक व्यवस्थापनमा चुनौतीपूर्ण हुन सक्दछ । साथै, राजनीतिक अस्थिरता, आर्थिक सङ्कट, प्राकृतिक प्रकोप लगायतका कारण युवा नीति कार्यान्वयनमा परोक्ष प्रभाव पर्न सक्दछ ।

प्रदेश युवा नीति कार्यान्वयन गरी नीतिले लिएका लक्ष्य-उद्देश्य हासिल गर्न प्रदेशको प्रदेश सरकार, युवा क्षेत्र हेर्ने मन्त्रालयको प्रभावकारी अविभावकत्व र प्रदेश युवा परिषद्को क्रियाशीलता नै प्रमुख उपाय हो । यसका अलावा, युवा नीतिको परिकल्पना साकार पार्न स्रोत-साधनको सुनिश्चितता गर्दै वैज्ञानिक योजना निर्माण गरी अक्षरशः कार्यान्वयन गर्न आवश्यक छ । सङ्घ, प्रदेश र स्थानीय तह एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार, सरोकारवाला सङ्घ-संस्था र सङ्गठनसँगको उचित समन्वय र सहकार्य हुन अपरिहार्य हुन्छ । सबै क्षेत्रमा युवाको अपनत्व वृद्धि गरी निर्विवादित र सहज ढङ्गले नीति कार्यान्वयन हुन सक्दछ । युवा नीति कार्यान्वयनको सफल अनुगमन-मूल्याङ्कन प्रणाली विकास गरी सूचक पछ्याउन जरुरी हुन्छ ।

### ३.६ अन्य नीतिसँगको सम्बन्ध

यस नीतिको कार्यान्वयनका लागि सङ्घ र बागमती प्रदेश सरकारको अन्य नीतिसँग परिपूरक सम्बन्ध रहने छ । यस नीतिमा उल्लेख गरिएका प्रावधानहरू कार्यान्वयन गर्दा सङ्घीय सरकारको कार्यक्षेत्रमा पर्ने नीतिबाहेक संविधानले प्रदत्त गरेको सङ्घ र प्रदेशको संयुक्त जिम्मेवारी र प्रदेश सरकारले गुर्नपर्ने कार्यक्षेत्रको जिम्मेवारीमा आधारित रही अन्य नीतिसँगको सम्बन्ध कायम गरिने छ । अन्य नीतिमा उल्लेखित युवासँग सम्बन्धित विषयहरूको कार्यान्वयनका लागि आवश्यवकताअनुसार समन्वय र सहजीकरण गरिने छ ।

### ३.७. नीति कार्यान्वयनको जिम्मेवारी

बागमती प्रदेश सरकारले नीति कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, विनियम, निर्देशिका बनाउने छ । प्रदेशको योजना र विकासका नीति कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा यस नीतिअनुकूल हुने गरी तय गरिने छ । यस नीतिको कार्यान्वयन गर्दा प्रदेश सरकारले नेपालको संविधान बमोजिम अधिकार क्षेत्र परेका कार्यक्रम तथा आयोजना मात्र कार्यान्वयन गर्ने छ ।

### ३.९ अनुगमन र मूल्याङ्कन

मूलतः प्रदेश युवा नीतिको अनुगमनप्रति उत्तरदायी संस्था युवा क्षेत्र हेर्ने मन्त्रालय हुने छ ।  युवा नीतिलाई परिणाममुखी बनाउन आवश्यक संयन्त्र निर्माण गरी नीतिले परिकल्पना गरेका लक्ष्य, उद्देश्य, र कार्यनीति हासिल भएनभएको अनुगमन-मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ । साथै प्रदेशमा युवा नीतिको कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्न युवा मन्त्रालयमार्फत प्रत्येक वर्ष युवा परीक्षण (युथ अडिट) गर्ने व्यवस्था मिलाइने छ ।

### ३.१० परिमार्जन र संशोधन

प्रदेश सरकारले प्रत्येक ५ वर्षमा प्रदेश युवा नीतिको समीक्षा र पुनरावलोकन गर्ने छ । तर युवाको विकास र सर्वाङ्गीण हितलाई सुनिश्चित गर्न थप परिमार्जन गर्नु परेमा तोकिएको समयअगावै पनि आवश्यकता अनुसार नीति परिमार्जन तथा संशोधन गर्न भने बाधा पर्ने छैन । नीतिमा रहेका विषयवस्तुको व्याख्या र पुस्ट्याइँ युवा हेर्ने मन्त्रालयले गर्ने छ । नीतिको पुनरावलोकनको क्रममा युवा विज्ञ, सम्बन्धित सार्वजनिक निकाय, विश्वविद्यालय, युवा परिषद्, युवा समिति, निजी तथा गैरसरकारी क्षेत्रका युवासँग सम्बन्धित सङ्घसंस्थालाई समेत सहभागी गराइने छ ।